नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

नौमूले गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नौमूले, दैलेख कर्णाली प्रदेश,नेपाल

प.सं.: २०७८/०७९
च.नं.:

## यस गाउँपालिका अन्तर्गत निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको अस्पतालका लागि अपुग जग्गा खरिद सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/१०/२०

यस नौमूले गाउँपालिकामा निर्माणाधिन अवस्थामा रहेको १५ शैया अस्पतालका लागि अपुग जग्गाको लागि निर्माणाधिन अस्पतालसँग सटेको जग्गा र घर विक्री गर्न ईच्छुक व्यक्तिले देहायको शर्तको अधिनमा रही रितपूर्वक जग्गा विक्रिका लागि आवश्यक कागजात सहित निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. आवश्यक जग्गा र घर विक्रिका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्बन्धित जग्गा धनी वा अधिकार प्राप्त प्रतिनिधिले जग्गा धनीको प्रमाण-पत्रको प्रतिलिपिमा स्वयम् जग्गा धनीले प्रमाणित गरेको थान १, २०७८/७९ सम्मको मालपोत करचुक्ता गरेको प्रमाणित पत्र सहित उल्लेखित निवेदन साथ पेश गर्नुपर्नेछ साथै जग्गा र घरको छुट्टाछुट्टै शिलबन्दी फाराम पेश गर्नु पर्नेछ ।
२. जग्गा र घर विक्री सम्बन्धी अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछन् ।
३. जग्गा र घर विक्री सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा वा कार्यालयको वेवसाइटमा प्रकाशन गरिनेछ ।
४. यस सूचनामा उल्लेख भए बाहेकका विषयहरुमा जग्गा प्राप्ती ऐन र घरको मुआब्जा वितरण गाउँपालिकाको निर्णयानुसार हुनेछ ।
५. जग्गा र घर विक्री सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
६. यस नौमूले गाउँ कार्यपालिकाको मिति २०७८/१०/०९ गतेको निर्णयानुसार नौमूले गाउँपालिकामा निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको अस्पतालको लागि अपुग जग्गा थप गर्नुपर्ने भएकाले उक्त निर्माणाधिन अस्पतालको आसपासमा २ रोपनी जग्गा र घर यस गाउँपालिकाले खरिद गर्नुपर्ने भएकाले उक्त स्थानको जग्गाको प्रति रोपनी दर र घरको दर के कति हो ? खुलाई सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा निवेदन दिनु हुन सूचना प्रकाशन गरिएको छ ।

..............................
रेशम बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

"जलविद्युत, जडिबुटी, पर्यटन, व्यवसायिक कृषि र सुशासन नौमूलेको मूल आधार"
website: naumulemun.gov.np Email: naumulegapa@gmail.com
अध्यक्ष: ९८०२५४५८५०, उपाध्यक्ष: ९८०२५४५८६०, प्रशासन: ९८०२५४५८७५, लेखा: ९८०२५४५८७१